नेपाल सरकार

गृह मन्त्रालय

# जिल्ला प्रशासन कार्यालय

खोटाङ, दिक्तेल

संख्या :- ०७७।७८ प्रदेश नः १

चलानी नं दिक्तेल, खोटाङ

मितिः- २०७८।०१।०९

## सूचना !

विगत लामो समयदेखि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोभिड-१९ रोगको दोश्रो लहर (Second Wave) भनिएको संक्रमण पुनः नेपालमा पनि बढ्दै गईरहेको सन्दर्भमा सम्भावित जोखिमको रोकथाम नियन्त्रण तथा उपचार लगायतका कार्यहरु प्रभावकारीरुपमा सञ्चालन गरि बढ्दो संक्रमणलाई न्यूनीकरण गर्नका लागि नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७८।०१।०६ गतेको निर्णय कार्यान्वयनका लागि गृह मन्त्रालय शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखाको च.नं. ३०४४ मिति २०७८।०१।०६ को परिपत्र बमोजिम जिल्ला कोभिड संकट व्यवस्थापन केन्द्र (DCCMC) खोटाङको मिति २०७८।०१।०८ को निर्णय अनुसार यस जिल्लामा कोभिड-१९ को संक्रमण फैलन नदिन एवं रोकथाम तथा नियन्त्रण कार्य प्रभावकारी बनाउन तपसिल बमोजिम गर्नु गराउनुहुन सम्बन्धित सबैमा सूचित गरिन्छ । यस सूचनाको बर्खिलाप कोही कसैले कुनैपनि कार्य गरेमा संक्रामक रोग ऐन, २०२० र स्थानीय प्रशासन ऐन २०२८ ले दिएको अधिकार प्रयोग गरी कारवाही गरिने व्यहोरा समेत अनुरोध छ ।

### तपसिल

१. विद्यालय र कलेजका पूर्व निर्धारित परीक्षा जनस्वास्थ्यका मापदण्ड अनिवार्यरुपमा पालना गरी सञ्चालन गर्ने ।

२. पार्टी प्यालेस, दोहोरी, नाचघर, हाटबजार, दर्शक सहितको खेलकुद र मानिसहरुको भीडभाड हुने अन्य सबै प्रकारका कार्यक्रम सम्बत् २०७८ साल बैशाख मसान्तसम्म बन्द गर्ने ।

३. मठ, मन्दिर, मस्जिद, गुम्बा, चर्च लगायतका धार्मिक स्थलमा जनस्वास्थ्यका मापदण्ड अनिवार्यरुपमा पालना गर्ने गरी सम्बत् २०७८ बैशाख मसान्तसम्म नित्य पूजा, ध्यान र प्रार्थना मात्र गर्ने गराउने ।

४. कुनैपनि सामान अनावश्यक रुपमा नछुने, दुई व्यक्तिको बीचमा दुई मिटर दूरी कायम गर्ने, मास्कको प्रयोग अनिवार्य गर्ने, पटक पटक साबुन पानीले हात धुने वा सेनिटाइज गर्ने गरी पसल तथा डिपार्टमेन्टल स्टोर सञ्चालन गर्ने ।

२०७८।०१।०९

विकल श्रेष्ठ

सहायक प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
खोटाङ, दिक्तेल

५. मेला, महोत्सव, जात्रा, पर्व, विवाह, न्वारान, पास्नी, ब्रतबन्ध, धार्मिक अनुष्ठान, मलामी लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक क्रियाकलापहरु सञ्चालन गर्दा पच्चिस जना भन्दा बढी नहुने गरी जनस्वास्थ्यका मापदण्डको अनिवार्यरुपमा पालना हुने गरी मात्र सञ्चालन गर्ने । विवाह वा ब्रतबन्धका लागि पार्टी प्यालेस, धर्मशाला प्रयोग गर्नुपर्ने भएमा जनस्वास्थ्यका मापदण्ड अनिवार्यरुपमा पालना गर्ने गरी यस जिल्लाका प्रमुख जिल्ला अधिकारीको पूर्व स्वीकृति लिएर मात्र गर्ने ।

६. सभा, सम्मेलन, गोष्ठी, सेमिनार, समीक्षा, बैठक, तालीम, प्रशिक्षण जस्ता क्रियाकलापहरु सञ्चालन गर्दा भर्चुअल माध्यमबाट गर्ने । भौतिक रुपमा उपस्थित भई गर्नै पर्ने भएमा बढीमा पच्चीस जना मात्र सहभागी रहने गरी जनस्वास्थयका मापदण्ड अनिवार्यरुपमा पालना गरी सञ्चालन गर्ने ।

७. सार्वजनिक यातायात सञ्चालन सम्बन्धमा देहाय बमोजिम गर्ने,

क. सिट क्षमता भन्दा बढी यात्रु नराख्ने

ख. सबै यात्रुलाई मास्क अनिवार्य गर्ने

ग. सवारी साधनको ढोकामा र सवारी साधनभित्र सेनिटाइजरको व्यवस्था गर्नुपर्ने

घ. चालक तथा सहचालकले मास्क र भाइजर लगाउनुपर्ने

ङ. सवारी साधनलाई दैनिक रुपमा निसङ्क्रमित गर्नुपर्ने

च. सार्वजनिक यातायातमा कुनै यात्रुले मास्क नलगाई आएमा चालक वा सहचालकले बढीमा दश रुपैयां लिई मास्क उपलव्ध गराउनुपर्ने

छ. मास्क नलगाउने व्यक्तिलाई सवारी साधनमा प्रवेश गर्न नदिने

ज. लामो दूरीमा चल्ने सार्वजनिक यातायातमा बीच बाटोमा थप यात्रु नचढाउने गरी शुरु गन्तब्यदेखि अन्तिम गन्तब्यसम्म यातायात सञ्चालन गर्ने र यात्रुहरुको विवरण जिल्ला कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) लाई उपलब्ध गराउने ।

८. कार्यालय र पसल जस्ता सार्वजनिक स्थलमा सेनिटाइजर र मास्कको प्रयोग अनिवार्य गर्ने ।

९. होटेल तथा रेष्टुरेन्टले विहान ८ बजेदेखि बेलुका ८ बजेसम्म जनस्वास्थ्यका मापदण्ड अनिवार्यरुपमा पालना गरी सञ्चालन गर्ने । सो समय पश्चात टेकअवे र होम डेलिभरी मात्र उपलब्ध गराउने ।

१०. सार्वजनिक तथा निजी सेवा प्रदायकले सम्भव भएसम्म विद्युतिय प्रणाली मार्फत सेवा प्रदान गर्ने व्यवस्था मिलाउने ।

११. कोभिड-१९ को रोकथाम, नियन्त्रण, उपचार र अनुगमनका लागि स्थानीय तहले देहाय बमोजिम गर्नेः

क. १५ बेडसम्म क्षमता भएका सरकारी, सामुदायिक, गैह्रसरकारी र निजी अस्पतालसंग संक्रमितको उपचारका लागि सम्झौता गर्ने, अनुगमन गर्ने र शोधभर्ना भुक्तानीका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा सिफारिस गरी पठाउने ।

ख. होम क्वारेन्टिन र होम आइसोलेसनमा रहेका व्यक्तिको स्वास्थ्य निगरानी तथा अनुगमन गरी थप जांच वा उपचार आवश्यक पर्ने देखिएमा प्रयोगशाला र अस्पतालसंग समन्वय गरी त्यस्तो संस्थासम्म पुर्याउने काममा सहजीकरण गर्ने ।

२०७८।०९।०५

विकल श्रेष्ठ
सहायक प्रमुख जिल्ला अधिकारी

ग. कोभिड-१९ को चिन्ह तथा लक्षण भएका व्यक्तिको एन्टिजेन परीक्षण गर्ने र नतिजा पोजेटिभ आएका व्यक्तिको पी.सी.आर. परीक्षण गर्ने व्यवस्था मिलाउने । नतिजा पोजेटिभ आएका व्यक्तिको निकट सम्पर्कमा आएका व्यक्तिको पहिचान गरी एन्टिजेन परीक्षण गर्ने ।

घ. आवश्यकता अनुसार आफ्नो स्थानीय तह भित्र स्वाब संकलन गर्ने व्यवस्था मिलाउने ।

ङ. स्थानीय तह अन्तर्गतका स्वास्थ्य संस्थामा चिकित्सक, स्वास्थ्यकर्मी तथा अन्य आवश्यक जनशक्ति तथा आवश्यकता अनुसार स्वयंसेवक परिचालन गर्ने गराउने ।

च. स्थानीय तहमा द्रुत प्रतिकार्य समूह गठन गरी तयारी अवस्थामा राख्ने ।

छ. कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शवको व्यवस्थापन वा अन्त्येष्टी गर्दा आफ्नो धर्म परम्परा र संस्कृति अनुसार सम्बन्धित परिवार वा समुदायले पच्चीस जनाभन्दा बढी मलामी नहुने गरी जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरी गर्ने व्यवस्था मिलाउने । तर सो बमोजिम गर्न सम्भव नभएमा **कोभिड-१९ का कारण मृत्यु भएका व्यक्तिको शव व्यवस्थापन सम्बन्धी संक्षिप्त** कार्यविधि, २०७६ अनुसार नेपाली सेनाले गर्ने ।

ज. क्वारेन्टिन, आइसोलेसन, केश इनेभेस्टिगेसन, कन्टयाक्ट ट्रेसिङ, उपचार व्यवस्थापन, परीक्षण लगायत अत्यावश्यक सामग्री खरिद तथा जनशक्ति परिचालनका लागि आवश्यक व्यवस्था मिलाउने

झ. सार्वजनिक यातायातमा यात्रु चढ्न र ओर्लन निर्धारण गरिएको स्थानमा सेनिटाइजर वा हात धुने साबुन पानीको व्यवस्था मिलाउने ।

ञ. उपर्युक्त कार्यहरुमा सहयोग तथा सहजीकरण गर्न विद्यमान टोल सुधार समिति वा उपभोक्ता समितिलाई परिचालन गर्ने र आवश्यकता अनुसार त्यस्ता समिति गठन गरी परिचालन गर्ने ।

१२. यस जिल्लामा रहेका हवाई उडानसंग सम्बन्धि कार्यालयहरुले अनिवार्यरुपमा जनस्वास्थ्य मापदण्ड पालना गरी हवाई उडान सञ्चालन गर्ने ।

१३. यस आदेशमा उल्लेख भए बाहेकका अन्य सेवा वा कार्यसंग सम्बन्धित निकाय, सार्वजनिक, निजी, गैहसरकारी संघ संस्था, कल कारखानाले त्यस्तो सेवा वा कार्य सञ्चालन गर्दा गराउँदा जनस्वास्थ्यका मापदण्ड पालना गर्ने गराउने ।

२०७८।०१।०३

विकल श्रेष्ठ
सहायक प्रमुख जिल्ला अधिकारी